# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, असोज १२ गते, २०७८ साल (अतिरिक्ताङ्क २४

## भाग ३

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८।०४।२७ को निर्णयानुसार "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (दोश्रो संशोधन) निर्देशिका, २०७८" सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (दोश्रो संशोधन) निर्देशिका, २०७८

**प्रस्तावनाः** प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका,२०७६ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०७८ रहेको छ ।

(२) यो निर्देशिका तुरून्त लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **"मुल निर्देशिका"** भन्नाले "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७६" सम्झनुपर्छ ।

(ख) **"पहिलो संशोधन निर्देशिका"** भन्नाले "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७७" सम्झनुपर्छ ।

३. **<u>मुल निर्देशिकाको दफा ३ र पहिलो संशोधन निर्देशिकाको दफा ३ मा संशोधनः</u>** (१) मूल निर्देशिकाको दफा ३ को उपदफा (१) को (ङ) देखि (ज) र पहिलो संशोधन निर्देशिकाको दफा ३ मा राखिएको

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका, सचिव - सदस्य

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका, सचिव- सदस्य लाई हटाई देहाय बमोजिमको खण्ड (ङ) राखिएको छ।

(ङ) प्रदेश सरकारका सबै मन्त्रालयका सचिवहरू- सदस्य,

४. **<u>मुल निर्देशिकाको दफा ६ र पहिलो संशोधन निर्देशिकाको दफा ४ मा संशोधनः</u>** (१) मूल निर्देशिकाको दफा ६ को उपदफा (१) को खण्ड (ख) देखि (च) र पहिलो संशोधन निर्देशिकाको दफा ३ मा राखिएको,

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका, सचिव- सदस्य

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका, सचिव- सदस्य लाई हटाई देहाय बमोजिमको खण्ड (ख) राखिएको छ।

(ख) प्रदेश सरकारका सबै मन्त्रालयका सचिवहरू - सदस्य,

५. **<u>मूल निर्देशिकाको दफा १२ (१) को खण्ड (क) सँग सम्बन्धित पहिलो संशोधन निर्देशिकाको दफा ८ को उपदफा (२) मा संशोधनः</u>** (१) मूल निर्देशिका दफा १२ (१) को (क) सँग सम्बन्धित पहिलो संशोधन निर्देशिकाको दफा ८ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ।

(क) परिवारले आवासको रूपमा प्रयोग गर्दै आएको घर पूर्ण क्षति भएमा परिवारको सदस्य सङ्ख्याको आधारमा प्रति सदस्य रू १०,०००/- (दश हजार) का दरले बढिमा रू.५०,०००/- (पचास हजार)।

६. **<u>मूल निर्देशिकाको दफा १२ (१) को खण्ड (ग) मा संशोधनः</u>**

(१) मुल निर्देशिकाको दफा १२ (१) को खण्ड (ग) सट्टा देहाय बमोजिमको खण्ड (ग) राखिएको छ ।

(ग) परिवारले आवासको रूपमा प्रयोग गर्दै आएको घर आंशिक रूपमा क्षति भएमा बढीमा रू.२०,०००।- (बीस हजार)।

**आज्ञाले,**
**रविलाल पन्थ**
**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय